# शिवराज नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
चन्द्रौटा, कपिलवस्तु
५ नं. प्रदेश, नेपाल

पत्र संख्या : ०७४/०७५
चलानी नम्बर :

मिति : २०७५।०३।३१

### एकीकृत सम्पत्ति विवरण पेश गर्ने बारे सम्पत्ति धनीहरुलाई अत्यन्त जरुरी सूचना

यस शिवराज नगरपालिकाले हाल सम्म मालपोत असूल गरी आएकोमा स्थानीय सरकार संचालन ऐन, २०७४ तथा यस नगरपालिकाको स्थानीय आर्थिक ऐन, २०७५ बमोजिम ०७५ श्रावण १ गते देखि एकीकृत सम्पत्ति कर लागू गरिने भएकाले नगरपालिका क्षेत्रभित्र जग्गा रहेका जग्गा धनीहरुलाई आफ्नो जग्गा र सो जग्गामा बनेको संरचनाको विवरण दाखिला गरी नगरपालिकामा लगत कायम गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।
सम्पत्तिको विवरण दाखिला गर्ने फाराम शिवराज नगर कार्यपालिकाको कार्यालयबाट वितरण भईरहेको हुँदा फाराम प्राप्त गर्नुभई सो फारममा सत्यतथ्य विवरण भरी नगर कार्यपालिकाको कार्यालयमा दाखिला गर्नुहुन अनुरोध गरिन्छ । यस्तो विवरण जग्गा धनी आफै वा निजको सगोल परिवारका व्यक्ति वा निजको मञ्जुरीनामा प्राप्त व्यक्तिले मात्र तोकिएको समय भित्रै आ-आफ्नो सम्पत्ति (घर र संरचना) को विवरण पेश गर्नुहुन हार्दिक अनुरोध गरिन्छ ।
एकीकृत सम्पत्ति करको विवरण दाखिला गर्नका लागि आ.व. २०७४/०७५ सम्मको मालपोत र भूमिकर चुक्ता गरी जग्गाधनी प्रमाणपूर्जा साथमा लिइ आउनु होला । एकीकृत सम्पति कर तिरे पछि सो घर र जग्गामा मालपोत, भूमिकर र घरजग्गा कर नलाग्ने व्यहोरा समेत यसै सूचना द्वारा जानकारी गराइन्छ ।

फोन नं. ०७६-५४०११८,०७६-५४०१४७, फ्याक्स नं. ०७६-५४०११८
Email: info@shivarajmun.gov.np , eo@shivarajmun.gov.np , website: shivrajmunicipality@gmail.com